# पाठ ८

## सामाजिक आवश्यकताहरूको तृप्ति

**"हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं"** मत्ती ६:१२

यो पाठ संयमसँग सम्बन्धित छ। हाम्रो आफ्नै क्षमादानको निम्ति हामीले नै शर्तहरू निर्धारण गर्छौं! अरूहरूलाई क्षमा दिन इन्कार गरेर के हामीले परमेश्वरको क्षमादानलाई गुमाउँछौं? हामी अविश्वासयोग्य भयौं भने पनि क्षमा दिनका लागि के परमेश्वर विश्वासयोग्य हुनुहुन्न र? "यदि बाइबलमा लिखित यी शब्दहरू सत्य हुन् भने यसको उत्तरचाहिँ उहाँले क्षमा दिन सक्नुहुन्न" भन्ने हुन्छ। अनि बाइबलका यी शब्दहरू सत्य छन्!

के क्षमा नदिने आत्मासाथ प्रार्थना गरेर परमेश्वरको उत्तरको प्रतीक्षा गर्न सम्भव छ? के हामी हाम्रा दाजु-भाइ, दिदी-बहिनीलाई घृणा गर्दै साँचो रूपमा परमेश्वरलाई आराधना गर्न सक्छौं? के हामीले साँच्चै मन नपराएका मानिसहरूका निम्ति प्रार्थना गर्न सक्छौं? अरू जातिहरू, राज्यहरू, र कुलहरूका मानिसहरूलाई सुसमाचार सुनाउन इन्कार गरेर के हामी सबै मानिसहरूका सृष्टिकर्तालाई आराधना गर्न सक्छौं?

प्रार्थना र आराधनाले अरूहरूप्रतिको हाम्रो प्रवृत्तिलाई असर पार्छ। यस बारेमा विचार गर्नुहोस्! मानव प्राणीहरूका रूपमा हामीसँग केही सामाजिक आवश्यकताहरू छन् जसलाई पूरा गरिनैपर्छ। यदि हाम्रा छिमेकीहरूलाई प्रेम गर्न यसले हामीलाई मद्दत गर्दैन भने प्रार्थना र आराधनाको उद्देश्य नै के रह्यो र?



## *पाठको रूपरेखा*

क्षमादानका निम्ति शर्तहरू

परमेश्वरको क्षमादानको निम्ति प्रार्थना

क्षमा गर्ने अनुग्रहको निम्ति प्रार्थना

शान्तिको निम्ति शर्तहरू

मानिसको क्रूस

ख्रीष्टको जुवा

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंलेः

- परमेश्वरबाटको क्षमादान अरूहरूलाई हामीले दिने क्षमासँग कसरी सम्बन्धित छ सो पहिचान गर्न सक्नुपर्नेछ।
- *मानिसको क्रूस* के हो र प्रार्थना र आराधनाद्वारा यसलाई कसरी बोक्न सकिन्छ सोको व्याख्या गर्न सक्नुपर्नेछ।

## *सिक्ने क्रियाकलापहरू*

१. यस पाठको शुरूमा दिइएका पाठ उद्देश्यहरूलाई फेरि पढ्नुहोस् र त्यहाँ सुझाउ दिइएका सबै कुराहरूलाई तपाईं गर्न सक्नुहुन्छ वा सक्नुहुन्न हेर्नुहोस्।

२. मत्ती ६:१४-१५ र मत्ती ११:२८-३० सिक्नुहोस्।

३. "आराधनाको प्राथमिकता" मा भएका एकाइ २ का स्वयम्-जाँच प्रश्नहरूलाई समीक्षा गर्नुहोस्।

४. प्रत्येक पाठमा दिइएका मुख्य शब्दहरूलाई हेर्नुहोस् र तपाईंले नजान्नुभएका शब्दहरूको अर्थ तपाईंले सिक्नुभयो वा भएन सो जान्नुहोस्।

---

## *मुख्य शब्दहरू*

| | |
|---|---|
| कुल-केन्द्रित | राष्ट्र-केन्द्रित |
| जाति-केन्द्रित | सामाजिक |

## *पाठ विकास*

### क्षमादानका निम्ति शर्तहरू

उद्देश्य १: *मत्ती ६:१४-१५ मा येशूले ती उल्लेख गर्नु भएझैं क्षमादानका निम्ति भएका शर्तहरूलाई उल्लेख गर्नुहोस्।*

प्रार्थना र आराधनासँग क्षमादानको सम्बन्ध येशूको शिक्षामा अति स्पष्ट छ। उहाँले प्रार्थना गर्नुहुँदा यसलाई उल्लेख गर्नुभयो र आफ्नो प्रार्थनापछि पनि यसको विशेष उल्लेख गर्नुभयो।

कसैले पनि आफ्ना मित्रहरूलाई प्रेम गर्न सक्छ र आफूले प्रेम गरेकाहरूलाई प्रायःजसो मानिसहरूले क्षमा दिन सक्छन्। तर मत्ती ६:१४-१५ मा येशूले बताउनुभएको क्षमादान हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई दिइएको क्षमादान हो। हाम्रा विरुद्धमा अपराध गर्ने "मित्रहरू" भनी उहाँले भन्नुभएन। "हाम्रा विरुद्धमा अपराध गर्नेहरू" भनी उहाँले भन्नुभयो। यसमा शत्रुहरू र "मैले भूल गरें" भन्न इन्कार गर्नेहरू समावेश छन्!

१ येशूले सिकाउनुभएको क्षमादान किन कठिन छ?

.................................................................................................

यसलाई पनि ध्यान दिनुहोस्, "हाम्रा अपराध क्षमा गर्नुहोस् जसरी हाम्रा विरुद्धमा अपराध गर्नेहरूका निम्ति पनि हामीले क्षमा मागेका छौं" भनी येशूले भन्नुभएन। यो त अर्को किसिमको थियो। गल्ती वा

अपराध गर्नेहरूलाई हामीले क्षमा दिनुपर्छ। हाम्रा अपराधलाई क्षमा गर्नुहोस् भनी हामीले परमेश्वरसँग माग्नुपर्छ। हामीले चित्त दुखाएकाहरूसँग पनि ख्रीष्टियानका हैसियतमा हामीले क्षमा माग्नुपर्छ। हामीलाई क्षमा दिनुहोस् भनी मानिसहरूसँग माग्ने कुरामा परमेश्वरको क्षमा आधारित छैन। यो त तिनीहरूले क्षमा मागे पनि नमागे पनि, तिनीहरूलाई क्षमा दिने कुरामा आधारित छ। हामी र परमेश्वर दुवैसँग क्षमा माग्नका लागि तिनीहरूले इन्कार गरेका हुन सक्छन्। यद्यपि, हामीले गर्नुपर्ने कुरामा यसले केही पनि फरक पार्दैन। यदि हामी परमेश्वरद्वारा क्षमा पाउन चाहन्छौं भने हामीले तिनीहरूलाई क्षमा दिनैपर्छ!

**२** प्रत्येक **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई हामीले क्षमा गर्नैपर्छ।

**ख.** यदि अरूहरूले हामीलाई क्षमा दिए भने मात्र हामीले क्षमा दिनैपर्छ।

**ग.** हाम्रा विरुद्धमा अपराध गर्ने हाम्रा मित्रहरूलाई मात्र हामीले क्षमा दिनैपर्छ।

**घ.** "मैले बिराएँ" भनेर मानिसहरूले नभनुन्जेल क्षमा दिनका लागि हामीले पर्खनै पर्छ।

"मैले बिराएँ" भन्ने व्यक्तिलाई क्षमा दिनु अति नै सजिलो हुन्छ। तर, पश्चात्ताप नगर्ने व्यक्तिलाई क्षमा दिनु अति नै कठिन हुन्छ। वास्तवमा, तपाईं आफैले यो गर्न सक्नुहुन्न। मानव आत्मा क्षमा दिने आत्मा होइन। यसैले त क्षमा दिने विषयमा प्रार्थना र आराधना अति महत्त्वपूर्ण छन्। मानिससँग हाम्रो सम्बन्ध ठीक हुनसक्नुभन्दा पहिले परमेश्वरसँग हाम्रो सम्बन्ध ठीक हुनैपर्छ। त्यसैले त हामी भन्ने गर्छौं कि सबैभन्दा पहिले हामी परमेश्वरको राज्यसँग सरोकारित भएपछि हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई हामी क्षमा दिन सक्छौं। परमेश्वरको राज्यलाई पहिलो स्थान दिनेहरूकहाँ थपिने थोकहरूमध्ये यो एउटा हो। सबै थोकहरूमाथि यदि हामीले परमेश्वरलाई मात्र आराधना गर्‍यौं भने परमेश्वरले हामीलाई गर्न सहयोग गर्नुहुने थोकहरूमध्ये यो एक हो। यसैले, हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई यस तरीकामा क्षमा दिइन्छः

## ठीक




३ क्षमा दिनका लागि किन हामीले प्रार्थना गर्नु आवश्यक पर्छ?

.................................................................................................

के यो अनौठो देखिंदैन र? हामीले अरूहरूलाई क्षमा दिनैपर्छ भनी येशूले भन्नुभएको कारण, हामीले खोज्नुपर्ने कुरा त्यही नै हो भनी तपाईंले विचार गर्नुभएको होला। तब यो यस्तो देखिन्छः

## गल्ती




एक कुराबाहेक यो ठीक तरीकाजस्तो देखिन्छ। हाम्रा विरुद्धमा अपराध गर्नेहरूबाट हामीले क्षमा खोजिरहेका छैनौं। तिनीहरूलाई क्षमा दिनू भनी परमेश्वरले हामीलाई भन्नुभएको छ! हामीले अरूहरूबाट क्षमा खोजिरहेका छैनौं। हामीले अरूहरूलाई क्षमा दिन खोजिरहेका छौं! त्यसैले यो अन्तिम उदाहरण गल्ती छ। तपाईं आफैले अरूहरूलाई क्षमा दिन सक्नुहुन्न। यो स्वाभाविक पनि छैन र यो मानवीय पनि छैन। यसले माथिबाटको सहयोगको माग गर्छ। यसका लागि परमेश्वरको सहयोग चाहिन्छ। यसैले, उत्तरको निम्ति हामी हाम्रो पहिलो उदाहरणमा फर्कौं। परमेश्वरको राज्य र उहाँको महिमालाई खोज्नुहोस्, र तपाईंका शत्रुहरूलाई क्षमा दिन पनि उहाँले तपाईंलाई सहयोग गर्नुहुनेछ। उहाँले तपाईंलाई क्षमा दिनुहुनेछ!

४ दुइवटा उदाहरणहरू कुन किसिममा फरक छन्?

.................................................................................................................

## परमेश्वरको क्षमादानको निम्ति प्रार्थना

अवश्य पनि, विश्वासीको रूपमा भएको एक जीवन विश्वास र परमेश्वरबाटको क्षमासाथ शुरू हुन्छ। पापीले क्षमादानलाई खोज्छ। उसले अरूहरूलाई क्षमा दिएको भए पनि वा नदिएको भए पनि परमेश्वरले उसलाई क्षमा दिनुहुन्छ। उसले पाप गर्नलाई त्यागेको कारण होइन तर उसले विश्वास गरेको कारण उहाँले उसलाई क्षमा दिनुहुन्छ!

तर पापीले विश्वास गरेपछि, अब ऊ पापी नै भएर रहँदैन! ऊ विश्वासी हो। मत्ती ६:५-१३ मा येशूका वचनहरू विश्वासीहरूका लागि थिए! येशूले भन्नुभयो, "तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्" (मत्ती ६:३३)। त्यसरी नै अरूहरूका निम्ति क्षमा सम्भव तुल्याइन्छ। यो गर्नका लागि परमेश्वरले शक्ति र अनुग्रह जुटाउनुहुन्छ!

**५** पापीले परमेश्वरबाट क्षमादान खोज्दा, उसलाईः
- **क.** क्षमा दिइन्छ किनकि उसले अरूहरूलाई क्षमा दिन्छ।
- **ख.** उसको विश्वासको कारण क्षमा दिइन्छ।
- **ग.** उसले पाप गर्न छोड़ेको कारण क्षमा दिइन्छ।

**६** विश्वासीले परमेश्वरबाट क्षमादानलाई खोजी गर्दा,
- **क.** उसले अरूहरूलाई क्षमा दिने हुनाले उसलाई क्षमा दिइएको हुन्छ।
- **ख.** उसको विश्वासको कारण उसलाई क्षमा दिइएको हुन्छ।
- **ग.** उसले पाप गर्न छोड़ेको कारण उसलाई क्षमा दिइएको हुन्छ।

## क्षमा गर्ने अनुग्रहको निम्ति प्रार्थना

के तपाईंले आफ्ना हृदयमा घृणा बोकेर हिँड्नुभएको छ? तपाईंले क्षमा दिन इन्कार गर्नुभएका मानिसहरू के त्यहाँ छन्? के तपाईं आफैलाई खीष्टियान भन्नुहुन्छ र परमेश्वरको बालककोजस्तो

व्यवहारचाहिँ गर्नुहुन्न? आफूलाई धोखामा नपार्नुहोस्। तीतोपन र क्षमा नदिने आत्मासँग अर्को दिनमा नजानुहोस्। अझै येशूजस्तो बन्नका लागि प्रार्थना गर्नुहोस्। क्षमा दिने आत्माको निम्ति प्रार्थना गर्नुहोस्। प्रेमको आत्माको निम्ति प्रार्थना गर्नुहोस्। शान्तिको आत्माको निम्ति प्रार्थना गर्नुहोस्। धार्मिकताको आत्माको निम्ति प्रार्थना गर्नुहोस्। आनन्दको आत्माको निम्ति प्रार्थना गर्नुहोस्। ख्रीष्टजस्तो हुनका लागि क्षमा दिने अनुग्रहको निम्ति प्रार्थना गर्नुहोस्!

सबैभन्दा पहिले हामीले परमेश्वरको राज्यलाई खोज्नुपर्छ भनी येशूले भन्नुहुँदा यही नै अर्थ दिनुभएको थियो। परमेश्वरको राज्य पवित्र आत्माले दिनुहुने धार्मिकता, शान्ति, र आनन्द हो। परमेश्वरको राज्यलाई आफूभित्र लिनुहोस् र तपाईंले अरूहरूलाई क्षमा दिने अनुग्रह पाउनुहुनेछ!

७ यदि आफ्नो हृदयमा तीतोपना छ भने एक व्यक्तिले के गर्नुपर्छ?

.............................................................................................................

## शान्तिका निम्ति शर्तहरू

उद्देश्य २ः *कसरी ख्रीष्टले "मानिसको क्रूसलाई" बोक्न सजिलो पार्नुहुन्छ भन्ने कुरालाई व्याख्या गर्दै एउटा बयान लेख्नुहोस्।*

सबै मानिसहरूसँग मिलापमा जिउनु सजिलो छैन। हरेक व्यक्ति फरक छ। कुलहरू फरक छन्। राष्ट्रहरू फरक छन्। जातिहरू फरक छन्। संस्कृतिहरू फरक छन्। संसार विभिन्न वर्गका मानिसहरूद्वारा निर्माण भएको छ– मूर्ख र बुद्धिमान, धनी र गरीब, इत्यादि। सबै मानिसहरूसँग मिलापमा जिउनु सजिलो छैन भन्ने कुरालाई हामी फेरि दोहोऱ्याउन चाहन्छौं।

संसारका नेताहरू यस समस्यासँग निरन्तर संघर्षरत छन्, तर तिनीहरूले अति थोरै प्रगति मात्र गर्न सकेका छन्। मानिसको विरुद्धमा मानिस, पतिका विरुद्धमा पत्नी, आमा-बाबुका विरुद्धमा छोराछोरी, राज्यका विरुद्धमा राज्य उठिइरहेका छन्। शान्तिको

उत्तर कहाँ छ त? यसको उत्तरचाहिँ हाम्रो क्रूस बोक्नका लागि हामीलाई सहायता गर्न येशूलाई अनुमति दिनु हो।

## मानिसको क्रूस

येशूले भन्नुभयो, "कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्ना क्रूस उठाएर मेरो पछि लागोस् (मत्ती १६:२४)।

स्व-त्याग *मानिसको क्रूस* हो। स्वार्थ-केन्द्रित व्यक्तिको निम्ति स्व-त्याग असम्भव हुन्छ। मानिसको क्रूस बोक्नका लागि कठिन छ किनकि अरूहरूसँग मिलापमा जिउनका लागि हाम्रो इच्छालाई त्याग्नुपर्ने माग यसले गर्छ। त्यसैले त शान्ति स्थापना गर्ने राष्ट्रहरूका प्रयासहरू सफल हुँदैनन्। त्यसैले त संसार घृणा, युद्ध र हिंसाले भरिएको छ।

८ *मानिसको क्रूस* के हो र यसलाई बोक्न किन अति कठिन छ?

..........................................................................




स्वार्थ-केन्द्रित व्यक्तिको समस्याको बारेमा अब हामी विचार गरौं। मानिलिऔं सारा संसारमा एक जना मात्र मानिस छ। उसको इच्छालाई इन्कार गर्ने, ऊसँग बहस गर्ने, उसलाई दुःख दिने वा उसका चाहना- हरूलाई "हुँदैन" भन्ने कोही अर्को व्यक्ति त्यहाँ छैन। ऊ स्वार्थ-केन्द्रित भएर शान्तिमा जिउनसक्ने सम्भावना त्यहाँ छ।

मानिलिऔं संसारमा अर्को एक जना मानिसलाई हामीले थप्यौं। अब तपाईंले

दुइवटा इच्छाहरूसँग व्यवहार गर्नुपर्छ। यदि प्रत्येक व्यक्ति स्वार्थ-केन्द्रित भएको खण्डमा, तपाईं तिनीहरूलाई एकैसाथ नजीक राख्न चाहनुहुन्न, नत्रभने तिनीहरूका इच्छाहरूमा संघर्ष हुन्छ। यसरी तपाईंले एउटालाई संसारको एकापट्टि र अर्कोलाई संसारको अर्कापट्टि राख्नुहुन्छ।

तर हामीले पृथ्वीमा भएका स्वार्थ-केन्द्रित धेरै मानिसहरूलाई थपेपछि के हुन्छ? तिनीहरू एकैसाथ नजीक जिउनुपर्ने हुन्छ र छिट्टै नै तिनीहरूका इच्छा र क्रियाकलापहरू एक-अर्कासँगको संघर्षमा आउन थाल्छन्। यसो भएपछि, निश्चित रूपमा नै त्यहाँ इच्छाहरूको संघर्ष हुन्छ र त्यहाँ समस्या हुनेछ।

करोडौं मानिसहरूको संसारमा, त्यहाँ शान्ति छैन। त्यहाँ विश्राम छैन। किन? किनकि संसार स्वार्थ-केन्द्रित मानिसहरूद्वारा भरिएको छ, र प्रत्येकले यस पृथ्वीमा आफ्नै इच्छा पूरा भएको चाहन्छ। प्रत्येक व्यक्ति उसको विरोध गर्नेसँग रिसाउँछ।

६ धेरै व्यक्तिहरू भएका ठाउँमा किन प्रायःजसो संघर्ष हुन्छ?

........................................................................................................

स्वार्थ-केन्द्रित व्यक्तिलाई हामी नजीकताबाट हेरौं। उसले देख्ने र जान्ने सबै थोकको केन्द्र ऊ हुन्छ। अरूहरूले ऊसँग गरेको व्यवहारबाट उसले उनीहरूलाई "असल" वा "खराब" भनी न्याय गर्छ। उसको परिवार वा उसका कुलका सदस्यहरूले उसलाई दिएको आदर र सम्मानको आधारमा उसले तिनीहरूलाई "असल" वा "खराब" भनी छुट्ट्याउँछ। ऊ आफूले चाहेकी केटीलाई यदि उसको भाइले विवाह गर्‍यो भने, आफ्नो भाइ "खराब" हो भनी उसले न्याय गर्छ। यदि उसका बाबुले उसलाई गोरु दिए भने, आफ्ना बाबु "असल" हुन् भनी उसले न्याय गर्छ। उसले अरू राष्ट्रका मानिसहरूलाई हेर्छ र तिनीहरूलाई सम्भाव्य शत्रुहरूका रूपमा न्याय गर्छ र उसको आफ्नै राष्ट्रका मानिसहरूजति ती "असल" छैनन् भनी विचार गर्छ। अर्को जातिका व्यक्तिहरूभन्दा उसका आफ्नै जातिका व्यक्तिहरू "झन असल" छन् भनी विचार गर्छ। ऊ कित स्वार्थ-केन्द्रित,

कुल-केन्द्रित, धर्म-केन्द्रित, राज्य-केन्द्रित, वा जाति-केन्द्रित भएको हुनाले उसले यी सबै न्यायहरू गर्छ। हामीले यहाँ भनिरहेका कुरालाई हामी यसरी नमूनित गर्न सक्छौंः




१० स्वार्थ-केन्द्रित व्यक्तिले अरूहरूलाई कसरी न्याय गर्छ?

..........................................................................................

यदि यीमध्ये कुनै पनि मानिसको खोजाइको केन्द्र बन्यो भने त्यसले समस्या दिनसक्छ। युद्धको समयमा अति सम्माननीय व्यक्तिलाई पनि उसका शत्रुहरूद्वारा "खराब" भनी न्याय गरिन्छ। यसो गर्नुको कारण ऊ खराबै भएकोले त होइन, तर उसको देशसँग अर्काको देशको लड़ाइँ भएको हुनाले हो! जब स्वार्थ, कुल, राज्य वा जाति एक व्यक्तिको जीवनमा अति महत्त्वपूर्ण थोक बन्छ, त्यही नै उसको खोजाइको केन्द्र बन्छ। तिनीहरूले सोचेको "भलाइको" एकल स्तर तिनीहरूका जीवनको केन्द्रमा जे छ त्यसमा भर परेको हुन्छ। यसले सबै किसिमका विरोधाभासहरूको निम्ति ढोका खोलिदिन्छ।

विश्वासीहरूका हैसियतमा, ख्रीष्टप्रतिको हाम्रो दृष्टिलाई नगुमाऔं, जोचाहिँ हाम्रो जीवनको साँचो केन्द्र हुनुहुन्छ। रेखाचित्र यस्तै किसिमको देखिनुपर्छः

**११** विश्वासीको जीवनको केन्द्र हुनैपर्छ

**क.** स्वार्थ।
**ख.** जाति
**ग.** येशू।
**घ.** धर्म।

### ख्रीष्टको जुवा

येशूले सिकाउनुभएझैं शान्तिको शर्तचाहिँ हाम्रो जीवनको केन्द्रबाट स्वार्थ, परिवार, कुल, राज्य, र जाति हटाउनु र त्यहाँ ख्रीष्ट र उहाँको राज्यलाई राख्नु हो (रोमी ८:६)। यसो गर्नाले, परमेश्वरको राज्यलाई ती थोकहरूले कसरी असर पार्छन् त्यसका आधारमा तिनीहरूलाई "असल" वा "खराब" भनी न्याय गरिन्छ।

यसले संसारलाई दुइ समूहहरूमा विभाजित गर्छ– परमेश्वरको राज्यका सन्तानहरू र शैतानका सन्तानहरू। परमेश्वरका सन्तानहरू सन्तुष्ट र आनन्दित हुन्छन् किनकि तिनीहरू सबैले उही थोक खोजिरहेका हुन्छन्। तिनीहरूले परमेश्वरको इच्छालाई आदर गर्न खोजिरहेका हुन्छन्।

**१२** मानिसको क्रूसको निम्ति ख्रीष्टको समाधान के हो?

........................................................................................................

स्वार्थ-केन्द्रित व्यक्तिले "माथिका थोकहरू" मा दिइएको महत्त्वलाई बुझ्न सक्दैन। यद्यपि, स्वार्थ-केन्द्रित व्यक्तिलाई परमेश्वरको बालकले प्रेम गर्नैपर्छ। परमेश्वरको बालकले स्वार्थ-केन्द्रित व्यक्तिलाई परमेश्वरको राज्यमा ल्याउन खोज्नुपर्छ, र क्रूसमा मर्नुभई ख्रीष्टले स्व-त्यागको क्रूसलाई हलुको पार्नुभएको छ भन्ने कुरालाई पनि जानेको हुनुपर्छ। यो सबै मानिसहरूले बोक्नुपर्ने क्रूस हो। मानिसले स्व-त्यागको क्रूसलाई रोक्न नसक्ने र बोक्न पनि नसक्ने भेट्टाएको कुरालाई ध्यान दिनुहोस्। यस संसारमा अरूहरूसँग जिउनका लागि उसले आफूलाई इन्कार गर्न आवश्यक पर्छ। र पनि आफ्ना चाहनाहरू र "अधिकारहरू" त्याग्न ऊ अनिच्छुक हुन्छ। आफूलाई इन्कार गर्ने अनिच्छाको कारण, अरूहरूलाई आदर गर्न र तिनीहरूका अधिकार र इच्छाहरूमा समर्पण गर्न उसलाई लगाउनका लागि नियमहरूको आवश्यकता परेको हो। उसले नियमको पालना गर्छ, तर ऊ स्वार्थ-केन्द्रित भएको हुनाले ऊ दुःखी र रिसाहा हुन्छ!

**१३** स्वार्थ-केन्द्रित व्यक्तिका लागि विश्वासीको सन्देश के हो?

....................................................................................................

आओ

येशूले भन्नुभयो, "मकहाँ आओ... मेरो जुवा आफूमाथि लेओ" (मत्ती ११:२८-२९)। क्रूसलाई तपाईं आफैले नै बोक्नुपर्छ। पाप-पूर्ण मानिसहरूले स्व-इन्कारको क्रूसलाई बोक्न नसकिने भेट्टाउँछन्। विश्वासीको निम्ति ख्रीष्टले यसलाई "जुवा" भन्नुहुन्छ। किन? किनकि जुवा जहिले पनि बाँडिएको बोझ हो– एकसाथ बोकिने! यसैले, येशूले हामीलाई भन्नुहुन्छ, "तिम्रो क्रूस मकहाँ ल्याऊ, हामी एकसाथ यसलाई बोकौं, मेरो जुवाले बोझको मुनि हामीलाई एकसाथ बाँध्नेछ, र तिमीले मेरो जुवा सजिलो र मेरो भारी हलुको भेट्टाउनेछौ!"



बोलावट

१४ क्रूस र जुवाको बीचमा के फरक छ?

.......................................................................................................

प्रार्थना र आराधनाको मूल्यलाई फेरि एकपल्ट हामी यहाँ देख्छौं। योचाहिँ "मकहाँ आओ" भन्ने हो, जुन भागलाई हामीले पूरा गर्नुपर्छ। हामी प्रार्थनामा येशूकहाँ जाँदा, मानिसहरूसँग घुलमिल गर्ने बोझ सजिलो हुन्छ। अरू परिवारहरू, कुलहरू, राज्यहरू, र जातिहरूका मानिसहरूसँग झगड़ा गर्नेहरूले तिनीहरूका समस्याहरूको उत्तर येशूकहाँ भेट्टाउँछन्। हाम्रो जीवनको केन्द्रमा ख्रीष्टलाई राख्नाले, सबै मानिसहरूसँग शान्तिमा जिउनु सम्भव छ। सबैभन्दा पहिले परमेश्वरको राज्यलाई खोजी गरेपछि, हामी एक-अर्काका लागि क्षमाको ढोका खोल्छौं र यसरी परमेश्वरको क्षमा प्राप्त गर्छौं!

१५ ख्रीष्टको जुवा सजिलो छ किनकि
**क.** पापीहरूका जतिकै ख्रीष्टियानहरूका पनि समस्याहरू छन्।
**ख.** हामीसँग बोझ (भारी) बाँड्नका लागि ख्रीष्ट त्यहाँ हुनुहुन्छ।
**ग.** ख्रीष्टले हाम्रो क्रूसलाई हटाइदिनुहुन्छ।

हाम्रो जीवनका केन्द्र ख्रीष्ट हुनुभए तापनि परिवार, राज्य, कुल, जाति र धर्म हाम्रा लागि अझै महत्त्वपूर्ण हुन्छन्। हामी हाम्रा छोराछोरी र हाम्रो परिवारलाई अझै प्रेम गर्छौं, तर तिनीहरू हाम्रो जीवनका केन्द्रमा छैनन्– ख्रीष्ट केन्द्रमा हुनुहुन्छ। यसको अर्थ यही नै हो कि तिनीहरू जुन राज्य, जाति, धर्म, वा कुलबाट भए तापनि तिनीहरूले येशूलाई मुक्तिदाताका रूपमा विश्वास गरेका छन् भने तिनीहरू हाम्रा दाजु-भाइहरू तथा दिदी-बहिनीहरू हुन्।

१६ विभिन्न राज्यहरूका ख्रीष्ट-केन्द्रित व्यक्तिहरूको एक-अर्कासँग के सम्बन्ध हुन्छ?

.......................................................................................................

यसैले, प्रार्थना र आराधना महत्त्वपूर्ण छन्। ख्रीष्टलाई हाम्रो जीवनको केन्द्रमा राख्न तिनीहरूले हामीलाई सहयोग गर्छन्। हाम्रो जीवनको केन्द्रमा ख्रीष्ट हुनुभएपछि, सबै मानिसहरूसँग शान्तिमा जिउन सम्भव हुन्छ!

## स्वयम्-जाँच

**छोटो उत्तर।** दिइएको खाली ठाउँमा ठीक उत्तर लेख्नुहोस्।

१ क्षमा दिनका लागि हामीले प्रार्थना गर्नु किन आवश्यक छ?

..........................................................................................

२ सबैभन्दा पहिले परमेश्वरको राज्य खोजी गर्ने कुराले क्षमाको बारेमा प्रार्थना गर्न हामीलाई कसरी सहयोग पुऱ्याउँछ?

..........................................................................................

३ हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई क्षमा दिन कसरी सम्भव छ?

..........................................................................................

४ *मानिसको क्रूस* के हो?

..........................................................................................

५ स्वार्थ-केन्द्रित व्यक्तिले आफ्नो वरिपरिको संसारमा असल र खराबको कसरी न्याय गर्छ?

..........................................................................................

६ मानिसहरूका निम्ति जीवनका केन्द्र बन्न सक्ने पाँच थोकहरूलाई उल्लेख गर्नुहोस्।

..........................................................................................

७ *मानिसको क्रूसको* निम्ति ख्रीष्टको समाधान के हो?

..........................................................................................

## अध्ययन प्रश्नहरूका उत्तरहरू

९ हरेकले उसको आफ्नै इच्छा पूरा गर्न चाहन्छ।

१ हाम्रा विरुद्धमा अपराध गर्नेहरू सबैलाई क्षमा दिनुपर्ने कुराको यसले माग गर्ने हुनाले।

१० अरूहरूले ऊसँग कस्तो व्यवहार गर्छन् त्यसको आधारमा उसले न्याय गर्छ।

२ **क** ठीक।
**ख** बेठीक।
**ग** बेठीक।
**घ** ठीक।

११ ग) येशू

३ मानव आत्मा क्षमा दिने आत्मा होइन। हामीलाई परमेश्वरको सहयोगको आवश्यकता पर्छ।

१२ ख्रीष्टलाई हाम्रो जीवनको केन्द्रमा राख्नु।

४ तीमध्ये एउटामा मानिसले परमेश्वरको राज्य खोजिरहेको छ; अर्कोमा मानिसले अरूहरूलाई क्षमा दिन खोजिरहेको छ।

१३ कसमा मर्नुभएर ख्रीष्टले स्व-इन्कारको क्रूसलाई हलुको बनाउनुभएको छ।

५ ख) उसको विश्वासको कारण क्षमा दिइन्छ।

१४ क्रूसलाई एकलै बोकिन्छ; जुवाचाहिँ बाँडिएको भारी हो।

६ ख) उसको विश्वासको कारण उसलाई क्षमा दिइएको छ।

१५ ख) हामीसँग बोझ (भारी) बाँड्नका लागि ख्रीष्ट त्यहाँ हुनुहुन्छ।

७ येशूजस्तो हुनको लागि प्रार्थना गर्नुपर्छ; क्षमा दिने अनुग्रहको निम्ति प्रार्थना गर्नुपर्छ।

१६ तिनीहरू परमेश्वरको परिवारमा दाजु-भाइ तथा दिदी-बहिनीहरू हुन्।

८ स्व-इन्कार। अरूहरूसँग शान्तिमा जिउनका लागि हाम्रो इच्छालाई इन्कार गर्ने कुराको यसले माग गर्छ।